# प्रस्तावहरु ( २०७८/०८/२५ गते )

प्रस्ताव नं. १ : कार्यपालिका वैठकबाट भएको निर्णयको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : स्थानीय जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भएका योजनाहरु अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : विभिन्न कार्यक्रमहरुमा आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : मेनपा १० को अर्चले टोल चिप्लेटी मोटर बाटो स्तरोन्नती र मेनपा ४ को चिसापानी सिमलबोट ओख्रेनीचौर मोटर बाटो निर्माण तथा मर्मत योजनामा नयाँ ट्र्याक खोल्ने अनुमती सम्बन्धमा।

प्रस्ताव नं. ५ : संघीय सशर्त पूँजीगत योजनाको Portable Cold Chamber निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ६ : प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको लागि नगरस्तरीय खेलकुद टीम पठाउने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : सिभिल ईन्जिनियर पदको स्थगित विज्ञापन सुचारु गर्ने तथा पदसंख्या थप गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८: योजनाहरु संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : खोला किनाराका निजी तथा सार्वजनिक जग्गामा मेशिनरी औजार प्रयोग गरी नदीजन्यय पदार्थ उत्खनन् सम्बन्धमा ।

प्रस्ताव नं. १० : बालमैत्री वडा तयारीका लागि अनुगमन समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ११ : मेनपा ९ स्थित गुफाडाँडा जलवायु पार्क पर्यटन स्थलको स्तरोन्नती (क्यान्टिन निर्माण) को लागि थप बजेट सम्बन्धमा।

प्रस्ताव नं. १२ : मेनपा ६ स्थित पञ्चकन्या आ.वि. घेराबारको लागि बजेट व्यवस्था सम्बन्धमा ।

प्रस्ताव नं. १३ : मेनपा १२ स्थित क्रसर उद्योग प्रभावित बजेटबाट संचालन हुने योजना अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १४ : मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश अस्पतालको रुपमा स्तरोन्नती गर्न अनुरोध गर्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

मिति २०७८ पौष १० गतेको कार्यपालिका वैठकबाट गरिएका निर्णयहरुको आजको यस वैठकमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय नं. २**

स्थानीय जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भएका देहाय बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | बजेट रु. | बजेट खर्च शिर्षक |
|---|---|---|---|
| १ | चिप्लिङ आधारभूत विद्यालय पहिरो नियन्त्रण, मेनपा ४ | ७,००,०००।– | विपद् व्यवस्थापन कोष |
| २ | बाढीपीडित लाभग्राही छुटलाई राहत उपलब्ध गराउने ( गिता गिरी मेनपा ११ ) | २५,०००।– | मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोष |
| ३ | हालसम्म नगद सहायत प्राप्त नगरेका बाढी प्रभावित जग्गाधनीहरुलाई राहत उपलब्ध गराउँने । | प्रति व्यक्ति रु. १०,०००।– | मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोष |

**निर्णय नं. ३**

विभिन्न संघ/संस्थाहरुबाट पेश भएका देहाय बमोजिमका कार्यक्रमहरुको लागि आर्थिक प्रस्ताव बमोजिम तपशिल बमोजिम आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कार्यक्रम तथा संस्थाको विवरण | बजेट रु. | बजेट खर्च शिर्षक |
|---|---|---|---|
| १ | तामाङ मौलिक सेलो संगीत महोत्सव, २०७८ (नेपाल तामाङ कलाकार संघ) | १,००,०००।– | चालु तर्फको विविध |
| २ | मेलम्ची नगर बृहत सांस्कृतिक कार्यक्रम तथा विद्यालयस्तरीय प्रतियोगिता,२०७८ (नेशनल डाइनामिक आर्टस प्रा.लि.) | १०,००,०००।–(स्वीकृत नम्स बमोजिम भुक्तानी हुने गरी ) | शिक्षा, युवा तथा खेलकुद कार्यक्रम अन्तर्गत विविध खेलकुद प्रतियोगिता संचालन । |
| ३ | माध्यमिक विद्यालयस्तरीय भित्ते पत्रिका तथा आधारभूत पत्रकारिता तालिम (सनराइज सिन्धु मिडया प्रा.लि.) | ३०००००।– | शिक्षा, युवा तथा खेलकुद कार्यक्रम अन्तर्गत विविध खेलकुद प्रतियोगिता संचालन । |

निर्णय नं. ४

मेलम्ची नगरपालिका वडा नं. १० को अर्चले टोल चिप्लेटी मोटर बाटो स्तरोन्नती र मेनपा वडा नं. ४ को चिसापानी सिमलबोट ओख्रेनीचौर मोटर बाटो निर्माण तथा मर्मत योजनामा नयाँ ट्र्याक खोल्नको लागि अनुमति माग भएको हुँदा उक्त सडकहरुको नयाँ ट्र्याक खोल्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

मेलम्ची नगरपालिका वडा नं. १२ स्थित बाँसवारी सामुदायिक कृषि सहकारी संस्था लि. संग साझेदारीमा संघीय सशर्त पूँजीगत कार्यक्रम कोल्ड रुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण ५०% साझेदारी शिर्षकबाट खर्च हुने गरी Portable Cold Chamber निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय निर्णय गरियो ।

निर्णय नं. ६

प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको लागि देहाय बमोजिमको नगरस्तरीय खेलकुद टीम पठाउने निर्णय गरियो। साथै, उक्त टिमलाई आवश्यक पर्ने खेलकुद सामाग्री तथा ड्रेस नगरपालिकाबाट उपलब्ध गराउने र शिक्षा, युवा तथा खेलकुद कार्यक्रम अन्तर्गत विविध खेलकुद प्रतियोगिता संचालन शिर्षकबाट खर्च हुने गरी प्रति टिम रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैयाँ मात्र ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

महिला भलिबल टिम :

| क्र.सं. | खेलाडीको नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रमिला तामाङ | मेनपा १० | |
| २ | सुनिता तामाङ | मेनपा ६ | |
| ३ | सोनिया तामाङ | मेनपा ११ | |
| ४ | निर्मला श्रेष्ठ | मेनपा ७ | |
| ५ | कुशुम तामाङ | मेनपा १२ | |
| ६ | पुनम तामाङ | मेनपा १२ | |
| ७ | सरिता तामाङ | मेनपा ६ | |
| ८ | प्रजिना श्रेष्ठ | मेनपा ११ | |
| ९ | अन्जु तामाङ | मेनपा ७ | |
| १० | अस्मिता तामाङ | मेनपा १२ | |

क्रिकेट टिम :

| क्र.सं. | खेलाडीको नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | राजु दुलाल | मेनपा ११ | |
| २ | विष्णु प्रसाद दुलाल | मेनपा ११ | |
| ३ | रामकृष्ण दुलाल | मेनपा ११ | |
| ४ | प्रमोद दुलाल | मेनपा ११ | |
| ५ | सिर्जन दुलाल | मेनपा ११ | |
| ६ | बालकृष्ण दुलाल | मेनपा ११ | |
| ७ | रुद्र शरण श्रेष्ठ | मेनपा ११ | |
| ८ | अनिश दुलाल | मेनपा ११ | |
| ९ | रमेश दुलाल | मेनपा ११ | |
| १० | हरिकृष्ण दुलाल | मेनपा ११ | |
| ११ | सिर्जल अधिकारी | मेनपा ११ | |
| १२ | सुशान तामाङ | मेनपा ७ | |
| १३ | आशिष तामाङ | मेनपा ७ | |
| १४ | दिपेन्द्र दुलाल | मेनपा ११ | |
| १५ | रामचन्द्र सापकोटा | मेनपा ११ | टिम व्यवस्थापक |

निर्णय नं. ७

मेलम्ची नगरपालिकाबाट मिति २०७८/०१/१२ गते सेवा करारमा सिभिल ईन्जिनियर पदको पदपूर्तिको लागि दरखास्त आव्हान गरिएकोमा कोभिड १९ को महामारी लगायतको कारणबाट उक्त पदपूर्ति प्रक्रिया स्थगित गरिएकोमा उक्त स्थगित विज्ञापनमा १ (एक) जना ईन्जिनियर पद थप गरी जम्मा २ (दुई) जना सिभिल ईन्जिनियर सेवा करारमा पदपूर्तिको लागि मिति २०७८ मंसिर ७ गतेसम्म दरखास्त म्याद थप गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

मेलम्ची नगरपालिकाबाट विनियोजन भएका देहाय बमोजिमका योजनाहरु संशोधन गर्नको लागि अनुरोध भई आएकोमा अनुरोध भए बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | साविकको योजना | साविक बजेट रु. | संशोधित योजना | संशोधित बजेट रु. |
|---|---|---|---|---|
| १ | जनता मा.वि. इसिडि कक्षा व्यवस्थापन, मेनपा ९ | ३,००,०००।– | जनता मा.वि. कक्षा कोठा व्यवस्थापन | ३,००,०००।– |

निर्णय नं. ९

मेलम्ची नगरपालिका भित्रका मेलम्ची तथा ईन्द्रवाती नदी किनाराका निजी जग्गामा मेशिनरी औजारको प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् गर्नको लागि सम्बन्धित जग्गाधनीबाट यस कार्यालयमा निवेदन पेश भएको हुँदा सम्बन्धित जग्गा धनीले साँध सधियारको मञ्जुरीनामा, सम्बन्धित वडाको सिफारिस र जग्गाको साँध सिमान छुट्टाएको प्रमाण तथा निस्सा पेश गरे पश्चात प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले तोकेको मापदण्ड बमोजिम निशुल्क रुपमा उत्खनन् आदेश प्रदान गर्ने तथा सार्वजनिक जग्गामा मेशिनरी औजारको प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् गर्ने सन्दर्भमा तीनपिप्ले निर्माण सेवाको सिफारिसमा ३०० सिसि क्षमता सम्मको मेशिनरी औजार प्रयोग अनुमति दिंदा प्रति मेशिन रु. १०००००।– (अक्षरुपी एक लाख ररुपैयाँ ) राजस्व लिई अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. १०

बालमैत्री वडा तयारीका लागि अनुगमन गर्न देहाय मेलम्ची नगरपालिका उपप्रमुख श्री भगवती नेपालको अध्यक्षतामा देहाय अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. उपप्रमुख श्री भगवती नेपाल – संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धिताल – सदस्य
३. सम्बन्धित वडाका वडा अध्यक्षहरु – सदस्य
४. महिला बालबालिका तथा सामावेशिकरण शाखा प्रमुख – सदस्य
५. शिक्षा शाखा प्रमुख/प्रतिनिध – सदस्य
६. स्वास्थ्य शाखा प्रमुख – सदस्य
७. बाल कल्याण अधिकारी – सदस्य सचिव

निर्णय नं. ११

मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडा जलवायु पार्क पर्यटन स्थलको स्तरोन्नती (क्यान्टिन निर्माण) को लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. ६,७८,२४९।२३ (अक्षरुपी छ लाख अठहत्तर हजार दुई सय उनान्चास रुपैयाँ पैसा तेइस मात्र) थप बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

मेलम्ची  नगरपालिका वडा नं. ६ स्थित पञ्चकन्या आधारभूत विद्यालय घेराबार निर्माण गर्नको लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. १,००,०००।– (अक्षरुपी एक लाख रुपैयाँ मात्र) बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

मेलम्ची  नगरपालिका वडा नं. १२ का क्रसर उद्योग प्रभावित बजेटबाट संचालन हुने तपसिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | सडक लाईन सेन्सर बत्ती खरिद  तथा जडान | ७,२०,०००।– | |
| २ | साना पूर्वाधार खानेपानी तथा पम्प खरिद | ५,००,०००।– | |
| ३ | गिराञ्चौर सामुदायिक पुस्तकालय व्यवस्थापन | ५,००,०००।– | |
| ४ | ढकालथोक कृष्ण मन्दिर पिपलचौर मोटरबाटो मर्मत | ३,००,०००।– | |
| ५ | अध्ययन अवलोकन भ्रमण | २,००,०००।– | |
| ६ | थाक्ले स्याङटोल सामुदायिक भवन निर्माण | ३,००,०००।– | |
| ७ | ढिकुरेवेशी सामुदायिक भवन संरक्षण | २,००,०००।– | |
| ८ | विपद् र सडक निर्माण | २,००,०००।– | |
| ८ | कालिका देवी मन्दिर मर्मत | १,३०,०००।– | |
| **जम्मा** | | **३०,५०,०००।–** | |

निर्णय नं. १४

मेलम्ची नगरपालिका वडा नं. ११ मेलम्ची बजारमा रहेको मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र (मेलम्ची नगर अस्पताल ) छिमेकी गाउँपालिकाहरु हेलम्बु, पाँचपोखरी थाङपाल  र ईन्द्रावती गाउँपालिकाको समेत प्रेषण केन्द्रको रुपमा रहेको, यस स्वास्थ्य केन्द्रमा बिरामी तथा सेवा ग्राहीहरुको दैनिक चाप उच्च रहेको र यस केन्द्रबाट CEONC (अपरेशन सहितको प्रसुती  सेवा) संचालनको लागि अनुमति समेत प्राप्त गरिसकेको सन्दर्भमा यस मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र (मेलम्ची नगर अस्पताल ) लाई प्रदेश अस्पतालको रुपमा स्तरोन्नती गर्नको लागि बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।